# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १२७ | काठमाडौं | शुक्रबार, १२ भदौ २०८३ | Prabhab National Daily | Friday, 28 August 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-




बिहीबार ड्रोनबाट खिचिएको भोटेकोशीमा भीषण बाढी निम्त्याउने पहिरोप्रभावित क्षेत्र र उक्त क्षेत्रमा खोला थुनिएर बनेको तालको दृश्य ।

*तस्विर: सिन्हवा*

## अप्पर त्रिशुलीको सुरूङमा फसेका ३५० जनाको उद्धार

**काठमाडौं–** अप्पर त्रिशुली हाइड्रोपावरको सुरुङमा फसेका ३५० जनाको नेपाली सेनाले उद्धार गरेको छ । उनीहरुलाई बिहीबार साँझ उद्धार गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनायो ।

रसुवाको भोटेकोशीमा आएको बाढीपछि बुधबारदेखि अप्पर त्रिशुली हाइड्रोपावरको सुरुङभित्र कामदार र स्थानीय फसेका थिए । प्रतिकूल मौसम र बाढीको तीव्र बहावका बीच जोखिमपूर्ण परिस्थितिको सामना गर्दै सेनाको टोलीले बिहीबार साँझ मजदुर



तथा स्थानीयको सफलतापूर्वक उद्धार गरेको हो ।

सुरुङमा अझै १०० जनाभन्दा बढी फसेको र तिनलाई बाहिर निकाल्ने प्रयासमा सेना लागेको बताइएको छ । सुरुङभित्रको जटिल र जोखिमपूर्ण उद्धार अभियानमा एक जनालाई ल्याउन ३ जना सेना प्रयोग गरिएको छ ।

यसैगरी, बाढीको उच्च जोखिममा परेका रसुवाका अन्य विकट भूगोलहरूमा पुगेर पनि सेनाले उद्धार कार्यलाई निरन्तरता दिएको जनाएको छ । धुन्चे ब्यारेक (रसुवा) बाट खटेको टोलीले स्याफ्रुवेशी, टिमुरे, मैलुङ, ठूलो हाकु र हाकु वेशीका विभिन्न स्थानहरूबाट थप ५३३ जना नागरिकलाई सुरक्षित स्थानमा सारेको सेनाले जनाएको छ ।

### बेपत्ता खोजिदिन आफन्तको चित्कार

## उद्धारमा ढिलाई गर्दै सरकार



संघीय सरकारबाट उद्धारको पोलिसी आए फिल्डमा फसेकाहरूको उद्धार गर्न सजिलो हुन्थ्यो । त्यो हुन सकेको छैन । सशस्त्रलाई फिल्डमा उतारे उद्धारको काम सजिलो हुन्थ्यो

**■ प्रभा बोगटी**
उपमेयर, विदुर नगरपालिका



बेत्रावतीको तल्लो तटीय क्षेत्रमा उद्धारका केही काम हुन सकेको छैन । विद्युत र टावर नहुँदा फोन सम्पर्क टुटेको छ । सेना प्रहरी केही छैनन् । मान्छे कहाँ के भए भन्न सकिने अवस्था छैन

**■ अमरबहादुर बुलुन**
वडाध्यक्ष, उत्तरगया गाउँपालिका-४



सुनिता घलान | मिन्जिन सङमो | सुभद्रा न्यौपाने | भरतबहादुर लामा | सोमबहादुर घले

कर्म स्याङवा | जागेश्वर शर्मा | सोनाम तामाङ | आङपुर्वा शेर्पा | हरी गुरुङ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जनकपुरका अजय सिंह रसुवाको दोसान जलविद्युतमा कार्यरत थिए । बाढीपछि उनी सम्पर्कमा नरहेको भन्दै उनकी श्रीमती हारगुहार गर्दै सामाजिक सञ्जालसम्म पुगेकी छन् । बिहीबार रातिसम्म उनीबारे परिवारले केही पत्तो पाएको छैन ।

इन्जिनियर समिर लामिछाने रसुवागढी हाइड्रोपावरमा काम गर्थे । बाढी यता उनी बेपत्ता रहेको भन्दै परिवार सबैतिर हारगुहारमा लागेको छ । बाजुराका वीरेन्द्र जाशी र सत्य जोशी यही बाढीपछि बेपत्ता छन् । सिन्धुलीका फलामसिंह सुनुवार बाढीपछि रसुवाको टिमुरे क्षेत्रबाट बेपत्ता छन् ।

बुधबार बिहान रसुवाको भोटेकोशीमा आएको बाढीले चितवनसम्म क्षति पुग्दा कयौं नागरिक के भए अवस्था अज्ञात छ । बाढीले ४० किलोमिटर बढी सडक क्षतिग्रस्त बनाएको छ भने ४१ वटा पक्की पुल बगाएको छ । बिहीबार साँझ ९ बजेसम्मको अपडेटअनुसार प्रहरीले ३८९ जनाको शव फेला परेको छ । उनीहरू धेरैको पहिचान हुन सकेको छैन । यो अवधिमा प्रहरीले ४६६ जनाको उद्धार गरेको दाबी गरेको छ । तर सडक ठप्प भएसँगै हवाई उद्धारमामात्र भर पर्दा नदी तटीय क्षेत्रमा नागरिकहरू अलपत्र परेका छन् ।

नुवाकोटको विदुर बजारदेखि टिमुरेसम्म हेलिकोप्टरमार्फत मात्र खोजी तथा उद्धारको काम भइरहेको छ । नुवाकोटको विदुर नगरपालिका यो बाढीले धेरै प्रभावितमध्ये एक पालिका हो । यहाँबाट स्थलगत रूपमा कोही पनि अघि बढ्न नसकेको नगरपालिकाकी उपमेयर प्रभा बोगटीले बताइन् । सरकारले उद्धारसम्बन्धी प्रष्ट नीति बनाउन नसक्दा उद्धारमा ढिलाई भएको बोगटीको भनाई छ । 'संघीय सरकारबाट उद्धारको पोलिसी आए फिल्डमा फसेकाहरूको उद्धार गर्न सजिलो हुन्थ्यो । अहिले हेलिबाटमात्र उद्धार गरिरहेको छ । यसले गर्दा स्रोतसाधन नपुगेको हो कि जस्तो देखिन्छ । सशस्त्रलाई फिल्डमा उतारे उद्धारको काम सजिलो हुन्थ्यो,' उपमेयर बोगटीले भनिन् ।

यता गोसाइँकुण्ड गाउँपालिकापछि रसुवाको सबैभन्दा बढी प्रभावित पालिका हो उत्तरगया । यहाँ उद्धारको कुनै आभास आफूहरूले नपाएको गाउँपालिका वडा ४ का वडाध्यक्ष अमरबहादुर बुलुनले बताए । 'बेत्रावतीको तल्लो तटीय क्षेत्रमा उद्धारका केही काम हुन सकेको छैन । विद्युत र टावर नहुँदा फोन सम्पर्क टुटेको छ । सेना प्रहरी केही छैनन् । मान्छे कहाँ के भए भन्न सकिने अवस्था छैन,' वडाध्यक्ष बुलुनले भने ।

जलविद्युत आयोजनाहरूले २१२ जना कर्मचारी उद्धारको पर्खाइमा रहेको बताएका छन् । रसुवाका विभिन्न स्थानमा फसेका सर्वसाधारण उद्धारको पर्खाइमा रहेको बताइएको छ । तर सरकारले प्रभावकारी रूपमा उद्धार गर्न सकेको छैन । बागमती प्रदेश प्रहरी कार्यालयका डीआइजी दीपक रेग्मीले बेत्रावतीसम्म स्थलगत रूपमा सेना र प्रहरी पुग्न नसकेको स्विकारे ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

### मलेसिया रोजगारीमा 'सिण्डिकेट' प्रकरण

## नेपालसहित चार स्रोत मुलुकका छाता संगठन सिण्डिकेटविरूद्ध एक जुट

■ **ममता थापा**

**काठमाडौं–** मलेसिया रोजगारीमा लागू गर्न खोजिएको एकाधिकार (सिण्डिकेट)विरुद्ध नेपालसहित चारवटा स्रोत मुलुकका वैदेशिक रोजगार व्यवसायीका छाता संगठनले ऐक्यबद्धता जनाएका छन् । बिहीबार संयुक्त विज्ञप्ति जारी गरी मलेसियाको श्रमिक भर्ना प्रक्रियामा लागू भएको एकाधिकार र निजी नियन्त्रणप्रति गम्भीर चिन्ता व्यक्त गर्दै एक ठाउँमा उभिने प्रतिबद्धता जनाएका हुन् ।

नेपाल, बंगलादेश, म्यानमार र पाकिस्तानका छाता संगठनले मलेसियाको 'फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम' (एफडब्ल्युसिएमएस)मा अन्य इजाजतप्राप्त संस्थाहरूलाई प्रतिबन्ध लगाउँदै सीमित भर्ती एजेन्सीहरूलाई प्राथमिकता दिइँदा निष्पक्ष प्रतिस्पर्धा, पारदर्शिता र श्रमिकको अधिकार र हितमा गम्भीर असर पर्ने भनिएको छ ।

संयुक्त विज्ञप्तिमा नेपालबाट नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्री, बंगलादेश एसोसिएसन अफ इन्टरनेसनल रिक्रुटिङ एजेन्सिजका तत्कालीन वरिष्ठ उपाध्यक्ष रियाज उल इस्लाम, म्यानमार ओभरसिज इम्प्लोइमेन्ट एजेन्सिज एसोसिएसनका म्यो थन्ट र पाकिस्तान ओभरसिज इम्प्लोइमेन्ट प्रोमोटर्स एसोसिएसनका सैयद रहमत अली साहले हस्ताक्षर गरेका छन् ।

जारी विज्ञप्तिमा वैदेशिक रोजगार आफ्नो मुलुकको अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा भएको दाबी गर्दै यस क्षेत्रबाट लाखौं श्रमिकको परिवार र मुलुकको अर्थतन्त्रमा टेवा पुगेको जनाइएको छ । कुनै पनि निजी कम्पनीले श्रमिक भर्ना गर्ने अवसरमा नियन्त्रण गर्न नहुने संगठनहरूको माग छ ।

चार मुलुकका संगठनले छनोट भएका संस्थाहरू एफडब्लुसिएमएसमा पर्नुको कानुनी र संस्थागत आधार तत्काल स्पष्ट पार्न पनि माग गरेका छन् । विज्ञप्तिमार्फत मलेसियाको सरकार, नेपाल, बंगलादेश, म्यानमार र पाकिस्तानका सरकार, सम्बन्धित मन्त्रालय र नियामक निकाय, कूटनीतिक मिसनका साथै सरोकारवाला मलेसियाका निकायहरूलाई यसको जवाफ दिन



JOINT PRESS RELEASE

SERIOUS CONCERN OVER SYNDICATION, MONOPOLY AND PRIVATE CONTROL OF MALAYSIA'S FOREIGN EMPLOYMENT RECRUITMENT SYSTEM

अनुरोध गरिएको छ ।

संगठनहरूले श्रमिक पठाउने छनोटमा परेका इजाजतपत्र प्राप्त संस्थाको योग्यताको मापदण्ड, उनीहरू चयन भएको प्रक्रिया, ती संस्थाको कानुनी अधिकारको दायरा पनि प्रस्टयाउनुपर्ने भनिएको छ । साथै, एफडब्ल्युसिएमएसको सञ्चालनकर्ता र छनोट भएका संस्थाको सम्बन्ध पारदर्शी बनाउनुपर्ने माग पनि गरिएको छ । सीमित व्यवसायीलाई प्राथमिकता दिइँदा श्रमिकको खुला र प्रतिस्पर्धात्मक भर्ती प्रणालीमा गम्भीर असर पुग्ने हुँदा यस्तो अधिकार दिन नहुने दाबी चार संगठनको छ ।

मलेसियामा वैदेशिक रोजगार भर्ती प्रक्रियामा कुनै पनि एकाधिकार, भेदभावपूर्ण पहुँच, र अनुचित निजी नियन्त्रण रोक्न संयुक्तरूपमा काम गर्ने प्रतिबद्धतासमेत संगठनहरूको छ । साथै, एफडब्ल्युसिएमएसबाट वैधानिकरूपमा काम गरिरहेका व्यवसायीलाई हटाइएको विषयमा निष्पक्ष समीक्षा र आवश्यक अनुसन्धान अघि बढाउन माग गरिएको छ ।

सबै इजाजतपत्रप्राप्त संस्थाहरूले निष्पक्ष रूपमा काम गर्ने वातावरण निर्माण गर्न विज्ञप्तिमार्फत अनुरोध गरिएको छ । वैदेशिक रोजगार सीमित समूहको निजी सम्पत्ति नभई श्रमिक, उसको परिवार, मुलुकको अर्थतन्त्र र दुई देशबीचको सम्बन्धसँग प्रत्यक्ष जोडिएको क्षेत्र भएको स्मरण गराइएको छ ।

क्रमशः पृष्ठ २ मा

## देउवाको निवेदनमा सर्वोच्चले दिएन अन्तरकालीन आदेश

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सर्वोच्च अदालतको आदेशसँगै कांग्रेसको १५ औं महाधिवेशन असोजमै गर्ने बाटो खुल्ला भएको छ । पूर्व सभापति शेरबहादुर देउवा पक्षले महाधिवेशन रोक्न सर्वोच्चमा दिएको रिटमा अन्तरकालीन आदेश नआएसँगै महाधिवेशन गर्ने बाटो खुल्ला भएको हो ।

बिहीबार सर्वोच्चका न्यायाधीशहरू नहकुल सुवेदी, महेश शर्मा पौडेल र मेघराज पोखरेलको इजलासले अन्तरकालीन आदेश दिन अस्वीकार गरेको हो । 'यसअघि वैशाख ४ गते आदेश हुँदा फैसला कार्यान्वयन गर्नु पर्ने गरी कुनै आदेश निर्देश नगरी निवेदन नै खारेज गरेको समेतको स्थितिमा निवेदन माग बमोजिम अन्तरकालीन आदेश जारी गर्न पर्नेसम्मको पूर्वावस्था प्रथम दृष्टिमा नै नदेखिएको हुनाले माग बमोजिम गर्नू,' आदेशमा भनिएको छ ।

देउवा र पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काको कांग्रेसको १५औं महाधिवेशन रोक्न अन्तरिम आदेश माग गर्दै मंगलबार पूरक निवेदन दिएका थिए । निर्वाचन आयोगले २०८२ माघ २ गते गगन थापा नेतृत्वको समितिलाई



> पूर्वसभापति शेरबहादुर देउवा र पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काको कांग्रेसको १५औं महाधिवेशन रोक्न अन्तरिम आदेश माग गर्दै मंगलबार पूरक निवेदन दिएका थिए

आधिकारिकता दिएको थियो । संयुक्त इजलासले पनि २०८३ वैशाख ४ मा आयोगको निर्णय सदर गर्दै देउवा र खड्काको रिट खारेज गरेको थियो ।

उक्त आदेशमा निवेदक तथा विपक्षीलाई कुनै पनि काम कारबाही वा निर्णय गर्न आदेश वा निर्देशन गरेको थिएन । बिहीवारको पूर्ण इजलासले अन्तरिम आदेश नदिने निर्णय गर्दा यो विषयलाई मुख्य आधार बनाएको छ । गत पुसमा भएको विशेष महाधिवेशनपछि कांग्रेसको नेतृत्व गगनले लिएका थिए । योसँगै देउवा पक्षका नेताहरू संघर्षमा उत्रिएका छन् ।

पुनरावलोकनको आदेश भएमा त्यसको किनारा नभएसम्म फैसलाको कार्यान्वयन स्थगन गर्नु पर्ने कानुनी व्यवस्था मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३१ को खण्ड (घ) ले गरेको देखिएता पनि यी निवेदकको रिट नै खारेज भएकाले अन्तरिम आदेश दिन पूर्ण इजलासले अस्वीकार गरेको हो । यो आदेश दिन नमाने पनि पुनरवलोकनको मुद्दा भने अझै बाँकी रहेकोले इतर पक्ष अझै आशावादी रहेको देखिएको छ ।

विशेष महाधिवेशनबाट आएको गगन नेतृत्वको कार्यसमितिले असोज १६ मा १५औं महाधिवेशन आयोजना गर्ने कार्यतालिका सार्वजनिक गरिसकेको छ । कांग्रेस निर्वाचन समितिको भदौ २ गतेको बैठकले भदौ २४ गते वडा अधिवेशन गर्दै १५औं महाधिवेशनअन्तर्गत अधिवेशन सुरु गर्ने निर्णय गरेको छ ।

क्रमशः पृष्ठ २ मा

# मृत माछा सेवन नगर्न अपिल

**नवलपुर (नवलपरासी)**– नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोट नगरपालिकाले नदीले बगाएर ल्याएका माछा र मासुजन्य पदार्थ सेवन नगर्न नगरवासीलाई अपिल गरेको छ।

गैंडाकोट नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख जनस्वास्थ्य निरीक्षक झलकराज पौडेलले बाढीका कारण मृत भेटिएका माछा तथा पशुपन्छीको उपभोग नगर्न सार्वजनिक अपील गरिएको बताए। 'बाढीका कारण नदी तथा खोलाहरूमा माछा, पशुपन्छी तथा अन्य जनावरहरू बगाएर ल्याई नदी किनार तथा विभिन्न स्थानमा मृत अवस्थामा थुप्रिएका छन्,' पौडेलले भने, 'बाढीका कारण मृत पशुपन्छी तथा माछा र बाढीबाट दूषित पानी वा वातावरणको सम्पर्क तथा त्यस्ता वस्तुको उपभोगबाट विभिन्न रोग तथा सङ्क्रमणको जोखिम बढ्न सक्ने भएकाले सतर्कता अपनाउन अनुरोध गर्दछौं।'

बाढीले बगाएर ल्याएका वा मृत अवस्थामा भेटिएका माछा, पशुपन्छी तथा अन्य जनावरको मासु कुनै पनि अवस्थामा उपभोग नगर्न जनस्वास्थ्य निरीक्षक पौडेलले अपील गरे। 'मृत अवस्थामा भेटिएका माछा तथा पशुपन्छीलाई किनबेच, वितरण वा उपभोगका लागि प्रयोग नगर्नुहोला,' उनले भने, 'मृत पशुपन्छी तथा माछालाई नांगो हातले नछुनुहोस्, बालबालिका तथा घरपालुवा जनावरलाई त्यस्ता स्थानबाट टाढा राख्नुहोस्।' बाढीबाट दूषित भएको वा दूषित हुन सक्ने पानी नपिउन आग्रह गर्दै जनस्वास्थ्य निरीक्षक पौडेलले सम्भव भए पानीलाई उमालेर वा सम्बन्धित निकायले सिफारिस गरेको विधिबाट शुद्धीकरण गरेर मात्र प्रयोग गर्न आग्रह गरे। *रासस*



**प्राथमिक उपचार गरिँदै** | रसुवाको भोटेकोशी नदीमा बुधबार आएको बाढीका कारण नुवाकोट र रसुवाको विभिन्न स्थानमा फसेका नागरिकहरूलाई उद्धार गरेर नेपाली सेनाको श्री नं १ सैन्य तालिम केन्द्र विदुरमा ल्याएपश्चात् तालिम केन्द्रमा एक महिलाको प्राथमिक उपचार गरिँदै। *तस्बिर: रासस*

पृष्ठ १ बाट क्रमशः

## उद्धारमा ढिलाई...

'स्थल मार्ग हुँदै बेत्रावतीबाट अगाडि जान सकिएको छैन। सुरक्षाकर्मीको टोली हेलिकोप्टरबाट नै मुभ भइरहेको छ। बाढीले धेरै प्रभावित वस्तीमा सडक क्षतिग्रस्त भएका कारण स्थलमार्गबाट सुरक्षाकर्मी पठाउन नसकेका कारण उद्धारको काम सुस्त देखिएको हो,' डीआइजी रेग्मीले भने।

बुधबारको बाढीले यहाँको पुल उठाएपछि रसुवासँग काठमाडौंको सडक सम्पर्क टुटेको हो। सडक सम्पर्क, विद्युत सम्पर्क बिच्छेद भएसँगै यो क्षेत्रमा फोन र इन्टरनेटसम्म अवरुद्ध भएका छन्। जसका कारण सरकार उद्धारमा दुरुस्त भएर खट्न सकेको छैन।

भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवामा करिब ४० किलोमिटर सडक पूर्णरूपमा क्षतिग्रस्त भएको छ। बेत्रावतीदेखि मैलुङ हुँदै स्याफ्रुबेसी-रसुवागढी जोड्ने सडक पूर्णरूपमा क्षतिग्रस्त भएको पूर्वाधार विकास मन्त्रालयले जनाएको छ।

बेत्रावतीसम्मको सडक सञ्चालनमा नआएसम्म धुन्चे हुँदै स्याफ्रुबेसी पुग्न सक्ने अवस्था छैन। डीआइजी रेग्मीका अनुसार रसुवालाई सडक सञ्जालसँग जोड्न काम अघि बढाइएको छ। त्यसका लागि बेत्रावतीमा बेलिब्रिज राख्ने तयारी भइरहेको छ। पूर्वाधार विकास मन्त्रालयका अनुसार धादिङको गल्छीदेखि त्रिशूलीसम्मको करिब १० किलोमिटर सडकसमेत बन्द अवस्थामा छ। यसैगरी, पृथ्वीराजमार्गअन्तर्गत करिब १३ किलोमिटर सडक लेदोले भरिएको छ। लेदो हटाएर सडक सञ्चालनमा ल्याउने कार्यलाई पहिलो प्राथमिकतामा राखी काम भइरहेको छ। सडक खुलाउने कार्यलाई तीव्रता दिन सरकारले उपलब्ध गराएका १० वटा र निजी क्षेत्रबाट उपलब्ध १० वटा गरी कुल २० वटा उपकरण परिचालन गरिएको मन्त्रालयले जनाएको छ।

बाढीग्रस्त क्षेत्रमा गृह प्रशासनले १३ हजार २९५ जना सुरक्षाकर्मी परिचालन गरेको जनाएको छ। बिहीबार साँझसम्ममा नेपाली सेना र निजी हवाई कम्पनीका हेलिकप्टरहरूले ६९ पटक उडान भरेर जोखिमपूर्ण स्थितिमा थुनिएका ३५१ जना नागरिकलाई सुरक्षित स्थानमा पुऱ्याएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

### ६४४ पर्यटक सम्पर्कविहीन

भोटेकोशी बाढीका कारण सम्पर्कविहीन हुने आन्तरिक तथा वाह्य पर्यटकको संख्या ६ सय ४४ पुगेको छ। नेपाल पर्यटन बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत हिक्मत सिंह ऐरका अनुसार विभिन्न ३३ देशका पर्यटकहरू सम्पर्कविहीन छ। सम्पर्कविहीन हुनेमा सबैभन्दा धेरै भारतका १ सय ७८ जना छन्। अहिले सम्पर्कविहीन अवस्थामा रहेका नेपाली पर्यटकको संख्या १ सय २७ जना रहेको उनले जानकारी दिए।

अस्ट्रेलियाका ३५, मलेसियाका ५१, युकेका ३३, युएसएका ६५, क्यानडाका २५, युक्रेनका ५३ पर्यटक सम्पर्कविहीन भएको ऐरले बताए। उनले टुर अपरेटर, नेपाल प्रहरी, पर्यटन विभाग, संस्कृति, पर्यटन तथा नागरिक उ•यन मन्त्रालयअन्तर्गतका निकाय तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग समन्वय गरी खोज तथा उद्धार कार्य तीव्र बनाएको समेत जानकारी दिए।

## नेपालसहित चार...

चारवटै संगठनहरूले यस क्षेत्रलाई एकाधिकारबाट जोगाएर व्यवसायी र श्रमिकको हित सुरक्षित गर्न आवश्यक सबै संस्थागत, कूटनीतिक र कानुनी उपाय अपनाउनेसमेत प्रतिबद्धता जाहेर गरेका छन्।

मलेसियाले गत अगस्ट २२ बाट एफडब्ल्युसिएमएसमा सूचीकृत भएका नेपालका २५ व्यवसायीलेमात्र श्रमिक पठाउन पाउने नियम ल्याएको थियो। त्यसपश्चात् एकाधिकार भित्रिएको भन्दै व्यवसायीहरूले विरोध जनाइरहेका छन्। हाल नेपालका करिब एक हजार २०० व्यवसायीमध्ये मलेसियामा श्रमिक पठाउने व्यवसायीहरू करिब साढे ५०० को हाराहारीमा रहेको बताइन्छ। उक्त प्रणालीमा बंगलदेशका २५, म्यानमारका १० र पाकिस्तानका पनि १० व्यवसायीलाई मात्र राखिएको छ। छाता संगठनको ऐक्यबद्धतामा श्रीलंकाले पनि सहमति जनाएको बताइएको छ।

## देउवाको...

तर आधिकारिकता विवाद यथावत् रहेको अवस्थामा महाधिवेशन रोक्नुपर्ने भन्दै देउवापक्ष अदालत पुगेको हो। निर्वाचन आयोगले गगन नेतृत्वको कार्यसमितिलाई नै मान्यता दिएपछि कांग्रेस गत वर्ष फागुन २१ गतेको निर्वाचनमा पनि उनकै नेतृत्वमा होमिएको थियो। वैशाख ४ गते आयोगकै निर्णयलाई सर्वोच्चले सदर गरेपछि देउवापक्ष पुनरवलोकनका लागि गएको थियो।

### प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०५/०४ गते काठमाडौं जिल्ला, तिनकुनेदेखि वानेश्वरसम्म जाने क्रममा मेरो निम्न व्योहोरा भएको राष्ट्रिय परिक्षा बोर्डबाट जारी भएको (+2) तहको सक्कली माईग्रेसन, प्रोजिनल तथा ट्रान्सक्रिप्ट सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम : अमिशा मंडल**
**रजिस्ट्रेसन.नं.: ८१३२७०२७००२९**
**सिम्बोल नं.: ९२७०१०५१**
**ठेगाना : तिनकुने, काठमाडौं**
**सम्पर्क: : ९८१२४२२०२१**

### मोटरसाइकल हराएको सूचना

मिति २०८३/०४/१४ गते का.जि.का.म.न.पा-०८, स्थित शव्दाह-गृह नजिक पार्किङ गरी राखिएको अवस्थामा Dark Black रङ्को ३५० सि.सि. रोयल ईन्फिल्ड क्लासिक मोटरसाइकल रातको अन्दाजी ७:३० देखि १:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**सवारी धनीको नाम : म्युजिक क्राफ्ट सेलर प्रा.लि.**
**ऋणीको नाम : मदन कुलु**
**बाइक नं.: बा.प्र.-०२-०५१ प ५४५४**
**च्यासिस नं.: ME3J3C5FDRN000075**
**इन्जिन नं. : J3A5FDRZ004045**
**ठेगाना : थाक्रे गा.पा-६, धादिङ**
**सम्पर्क नं. ९८४१२१८२५५**

### अधिकृत वारेसनामा बदर गरिएको सूचना

श्याम शर्माको नाति महेन्द्र शर्माको छोरा काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १८ बस्ने दिनेश शर्मा र शुसिल शर्माको छोरी दिनेश शर्माको पत्नी पर्सा जिल्ला विरगञ्ज उ.म.न.पा. वडा नं. १३ बस्ने मन्नु शर्माले हाम्रो नाममा सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. ३.क को कित्ता नं. २२८ को क्षेत्रफल ०–६–०–० (२०३१.५ ब.मि.) र कित्ता नं. ४३२ को ०–१–६–० क्षेत्रफल भएको दुवै जग्गा बिक्री गर्न भिम बहादुरको नाति पदम बहादुरको छोरा ताप्लेजुङ जिल्ला फुङलिङ ३ घर भै झापा जिल्ला विर्तामोड न.पा. वडा नं. ४ बस्ने नर बहादुर कार्की १ र बलरामको नाति ओदरामको छोरा झापा जिल्ला शनिश्चरे गा.वि.स. वडा नं. ४ घर भै हाल दमक न.पा. वडा नं. ४ बस्ने प्रर्शुराम पौडेल समेत जना २ लाई मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५४(१) प्रयोजनार्थ को दफा १५३ (२) नं. बमोजिम श्री झापा जिल्ला अदालतबाट मिति २०८०/०१/२५ गते अधिकृत वारेश मुकरर गरेकोमा उपरोक्त जग्गा खरिद बिक्री कार्य अब हामी स्वयम्ले गर्ने हुंदा सोही मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५५ (१).(ग) नं. बमोजिम यसै सूचनाले अधिकृत वारेश खारेज/बदर गरिएको व्यहोरा सम्पूर्णलाई जानकारीका लागी अनुरोध छ।

**सूचनाकर्ता**
दिनेश शर्मा –१,
का.म.न.पा. वडा नं. १८, काठमाण्डौ
सम्पर्क नं. ९८५१०८७४४९

मन्नु शर्मा
विरगञ्ज उ.म.न.पा. १३, पर्सा
सम्पर्क नं. ९८५१०८७४४९

### अधिकृत वारेसनामा बदर गरिएको सूचना

लिखितम् स्वर्गीय ब्रम्हलाल सिटौलाको छोरी, कुवेर भट्टराईको श्रीमती, झापा जिल्ला साविक पथरीया गा.वि.स. वडा नं. ९ को हाल कचनकवल गा.पा. वडा नं. २ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ४ बस्ने वर्ष ४७ की सुशिला भट्टराई–१ (ना.प्र.प.नं.४५९३१७८१, मिति २०५५।३।४ जि.प्र.का. झापा) को जाहेरीले वादी नेपाल सरकार आगे, जिल्ला गोरखा पालुङटार गा.वि.स. वडा नं. ९ हाल पालुङटार न.पा. वडा नं. ४ घर भई हाल भक्तपुर मध्येपुर थिमी न.पा. वडा नं. १ बस्ने बाबुराम पोखरेलको छोरा वर्ष ३९ को सुवाष भन्ने हरिश्चन्द्र पोखरेल–१, पर्सा जिल्ला वि.म.न.पा. वडा नं. ६ घर भई ऐ. वडा नं. १४ का वडा सचिव वर्ष ४७ को झुना महरा–१, ऐ. घर भई ऐ. वडाका वडा सदस्य रफिक अन्सारी–१, जिल्ला पर्सा विरगञ्ज म.न.पा. वडा नं. १ बस्ने कैलाश पंडित कुम्हालको छोरा वर्ष ५० को शुभनारायण पंडित कुम्हाल–१, पर्सा जिल्ला साविक जगरनाथपुर गा.वि.स. वडा नं. ३ हाल ऐ. वि.म.न.पा. वडा नं. २२ बस्ने चन्द्रभुषण द्विवेदीको छोरा वर्ष ३५ को रमेश द्विवेदी–१, जिल्ला पर्सा विरगञ्ज म.न.पा. वडा नं. १ बस्ने वर्ष ५० को शंकर भन्ने उमाशंकर लाल कर्ण–१, जिल्ला झापा महारानी झोडा गा.वि.स. वडा नं. २ हाल कमला गा.पा. वडा नं. ७ बस्ने कमल प्रसाद सेडाईको छोरा वर्ष ४५ को गंगा प्रसाद सेडाई– १, जिल्ला पर्सा विरगञ्ज म.न.पा. वडा नं. १४ बस्ने ऐ. वडाका वडा अध्यक्ष वर्ष ५७ को भरत प्रसाद कर्मी–१, ऐ. वडा नं. १४ बस्ने वर्ष ३१ को रविन्द्र पटेल–१,ऐ. ऐ. बस्ने वर्ष ४८ को प्रभु प्रसाद कलवार–१, ऐ. ऐ. बस्ने वर्ष ६१ को राम अशिष राउत कुर्मी–१,ऐ. ऐ. बस्ने वर्ष ३० को देवकरण प्रसाद कुर्मी–१, ऐ. ऐ. बस्ने वर्ष ६८ को लंगटु साह गोढ– १, ऐ. को वडा नं. १६ बस्ने वर्ष १६ को सिताराम कायस्त–१, ऐ. वडा नं. २६ बस्ने गोविन्द प्रसाद–१, विदेश भारत विहार मजफरपुर ग्राम पञ्चायत हर्का वडा नं. ५ बस्ने अ. वर्ष ३५ को राघवेन्द्र शाहि–१,ऐ. ऐ. बस्ने महन्थ बैरागी दासको श्रीमती वर्ष ५२ की इन्द्रकला देवी–१, जिल्ला ललितपुर टिकाभैरव ले.ले. अ. वर्ष ४० को हरिशरण महत–१ विरुद्ध सम्मानित पर्सा जिल्ला अदालतमा दायर गरेको ठगी, किर्ते लिखत र संगठित अपराध मुद्दा (मुद्दा नं. ०७५–C१–०२५१) दर्ता भई मिति २०७९।०१।०६।३ मा म जाहेरवालीले प्रतिवादी मध्येका सुभाष भन्ने हरिश्चन्द्र पोखरेलबाट क्षतिपूर्ति भराउने गरी फैसला भएकोमा उक्त फैसला अन्तिम भए पश्चात कार्यान्वयनको लागी पर्सा जिल्ला अदालतमा म आफैं उपस्थित हुनुपर्नेमा म मेरो घरायसी काम विशेषले सम्मानित अदालतमा उपस्थित भई फैसला कार्यान्वयनको लागी निवेदन दर्ता गर्न नभ्याउने भएको हुँदा उल्लेखित निवेदन दर्ता गरी तारेखमा रही मुद्दाको पुर्पक्ष गर्नको लागी अधिकृत वारिस नियुक्ति गर्न चाहेकाले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३(१) बमोजिम मेरो सट्टामा मेरा मानिस हरी प्रसाद पौडेलको नातिनी, जगत प्रसाद पौडेलको छोरी, ताप्लेजुङ्ग जिल्ला साघु गा.वि.स. वडा नं. ६ को परिवर्तित मैवाखोला गा.पा. वडा नं. ३ घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३२ कोटेश्वर बस्ने वर्ष ४८ की नैन कुमारी पौडेल (ना.प्र.नं. १६४८९/२४४७, मिति २०४८।९।१६ जि.प्र.का. ताप्लेजुङ्ग) लाई मिति २०७९/०५/२९ गते काठमाडौं जिल्ला अदालतमा उपस्थित भई अधिकृत वारिसनामा दिएकोमा अब उप्रान्त उल्लेखित सम्पूर्ण कार्य हाल म आफै गर्ने भएकोले मिति २०७९/०५/२९ गते काठमाडौं जिल्ला अदालतबाट पारित भएको अधिकृत वारिसनामा मुलुकी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५ (१) (ग) बमोजिम बदर गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०५/१२**

यस कम्पनीको मिति २०८३/०४/१२ को साधारण सभा र विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी **रौतारानी एग्रो प्रोडक्सन** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०४/१४ गतेको निर्णयानुसार नाम परिवर्तन गरी **हरियाली एग्रो प्रोडक्सन** (प्रा.लि.नं. ९०८२०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०२/०६ मा दर्ता भएको **प्रा.लि.नं.१४९५९३/०७३/०७४** को **फ्रेमटेक लिक्स स्ट्रक्चर्स प्रा. लि.** लाई खारेजी (लिक्विडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०५/११ गतेको विशेष सधारणसभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एंव कोहि/कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**खारेजीकर्ता (लिक्विडेटर) श्री बिनोद कुमार (इजाजत पत्र नं. ५९३)**
**सम्पर्क नम्बर (९८५१०६४६२०)**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### कम्पनीको विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयको मिति २०७६/०६/१५ मा दर्ता भएको **प्रा. लि. नं. २२६४२६** को **ओपेरा इन्टरटेन्टमेन्ट नेपाल प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विषेश दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/१२ गते**

यस कम्पनीको मिति २०८३/०५/०२ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सेन्चुरी पेन्ट्स इण्डष्ट्रिज प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०५/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **निप्पोन जापानीज पेन्ट्स प्रा.लि. (प्रा.लि.नं. ३६९०९१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

### दावी विरोध सम्बन्धी
### वैदेशिक रोजगार विभाग काठमाडौंको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/१२**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त संस्था श्री **Leo International HR Consultancy Pvt. Ltd. (ई.प.नं. १५९६/०७९/८०) ले यस विभाग समक्ष जिल्ला विर्तामोड नगरपालिका ०१ मा शाखा कार्यालय खोली संचालन गर्दै आएकोमा उक्त शाखा कार्यालयहरु रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा** लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०५/११ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

### कर्मचारी नरहेको सम्बन्धी सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Nepal International Overseas Pvt. Ltd.** (इजाजत नम्बर: ६३२/०६३/०६४) मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्नु/नगराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै निहरूसँग सम्बन्धित कुनै पनि बैदेशिक रोजगार सम्बन्धी कारोबार वा लेनवदेनबाट यस प्रा.लि. जिम्मेवार हुने छैन। यदि कसैको कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि.वा सम्बन्धित वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| क्र.सं. | नाम | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| १ | दीपा पाण्डे | गुल्मी-३, गुल्मी | ७५८४२० |
| २ | रक्षा गौतम | हेटौडा-५, मकवानपुर | ३१-०१-७३-०७६२८ |
| ३ | रामेश्वर धिताल | बेनीघाट-८, धादिङ | २५३४-०५०-५१ |

**NEPAL INTERNATIONAL OVERSEAS PVT. LTD.**
Samakhusi Chowk-3, Jaldhara Marga, Kathmandu, Tel no. 015901301, 015906301, 015928633 +977-9818422157/
Email : niopl2017@gmail.com, info@niopl.com, Web: www.nepaloverseasagency.com
Lic No. 632/063/64

### कतारमा रोजगार
कम्पनी : BHUME TRADING CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०५/११ | LT. No. 347259 | चलानी नं. ६०२६०४०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER PUBLIC | 28 | 4 | 1000 | ४१,९११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner Hospital | 0 | 32 | 1000 | ४१,९११ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ भाद्र १९ गते (4th Sep. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**LEADER OVERSEAS PVT.LTD.**
Govt. License 1408/074/75
Samakhusi-26, Kathmandu, BAGMATI, Ph No.01-495039, Email :leaderoverseas2018@gmail.com

### कुवेतमा रोजगार
कम्पनी : AUBAYA BEAUTY SALON FOR LADIES COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८३/०५/११ | चलानी नं.: ६०२६०३६२ | LT. No.: 346727

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 4 | स. काममा दक्ष | 150 | ७४,४८४ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

कम्पनी : BONSAI LADIES BEAUTY SALON COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८३/०५/११ | चलानी नं.: ६०२६०३७३ | LT.No.: 347160

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician/ Manicure Pedicure | 0 | 4 | सम्बन्धित काममा दक्ष | 150 | ७४,४८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Beautician/Hair Dresser | 0 | 4 | | 150 | ७४,४८४ | | | | | | | |
| 3. | CLEANER (INDOOR) | 0 | 2 | | 120 | ५९,५८७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८३ भदौ १९ गते (4 Sept. 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने स्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

### साउदीमा रोजगार
कम्पनी : PIEZO FAST ITALIAN COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/११ | LT. No. 347164 | चलानी नं.६०२३०३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४८,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ भाद्र १९ गते (4th Sep. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal, 9813048931 (Mazid), E-mail : alkausar.hrm@gmail.com

### युएइमा रोजगार
कम्पनी : CHINA CIVIL ENGINEERING CONSTRUCTION CORPORATIONS- DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८३/०१/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/११ | LT. No. 341880 | चलानी नं. ६०२५५२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 196 | 0 | 1000 | ४१,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ भाद्र १९ गते (4th Sep. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**
श्रम ईजाजत नं. १०५०/०७३/०७४
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

### मलेसियामा रोजगार
कम्पनी : CHICO FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/११ | LT. No. 333234 | चलानी नं. ६०२४६९०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 36 | 0 | 1700 | ६४३४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ भाद्र १९ गते (4th Sep. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Global Recruitment Group Pvt.Ltd.** (BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)
License No. : 1535/078/079
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855017097, Pokhara Branch: 9802854870, Email : info@grgnepal.com.np

### मलेसियामा रोजगार
कम्पनी : TOYO SHO INDUSTRIAL PRODUCTS SDN. BHD

पूर्व स्वीकृति मिति : २०८३/०५/११ | LT. No. 347075 | चलानी नं. ६०२६०३१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory/general Worker | 5 | 4 | 1700 | ६४,४२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १९ गते (4th Sep. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
Tokha-5, Dhapasi, Kathmandu, Nepal +977-1-4965939, 4982814,
+977-1-4984392, Harish Sinjali : 9702025933, dreamlandmgmt776@gmail.com www.dreamlandmgmt.com
Govt. License 776/065/066

# तस्बिरमा भोटेकोशी बाढीपछिको उद्धार तथा व्यवस्थापन



















१) प्रधानमन्त्री वालेन्द्र शाह बिहीबार नुवाकोटको विदुरमा बाढीपहिरो प्रभावितहरूको उद्धार, उपचार तथा राहतको अवस्थाबारे जानकारी लिँदै ।
२) रसुवाको भोटेकोशी नदीमा बुधबार आएको बाढीका कारण नुवाकोट र रसुवाको विभिन्न स्थानमा फसेकालाई उद्धार गरेर नेपाली सेनाको श्री नं १ सैन्य तालिम केन्द्र विदुरमा राखिएका नागरिकहरु ।
३) भोटेकोशी बाढीपछि बेपत्ता भएका आफन्तको खोजीका लागि वीर अस्पतालको आकस्मिक कक्षमा नाम टिपाउँदै सर्वसाधारण ।
४) बाढीबाट प्रभावितलाई वितरणको लागि नेपाल सरकारबाट खरिद र विभिन्न दाताबाट प्राप्त भएका खाद्य सामग्रीहरु श्री नं १ सैन्य तालिम केन्द्र, विदुरमा एकीकृत गरिँदै ।
५) त्रिशूली तथा नारायणी नदीमा भेटिएका शव सुरक्षित राख्न चितवनको भरतपुर महानगरपालिका-१० स्थित औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको पुरानो भवनमा तयार गरिएको शव व्यवस्थापन कक्ष ।
६) बाढीबाट प्रभावित क्षेत्रमा फसेका नागरिकलाई उद्धार गरी नेपाली सेनाले बिहीबार काठमाडौंको त्रिभुवन विमानस्थलमा ओराल्दै ।

*तस्बिरहरू: रासस*

# ललितपुरका तीन स्थानीय तहले घोषणा गरे एक करोड ८० लाख राहत

**ललितपुर-** नेपाल-चीन सीमा क्षेत्र रसुवागढीस्थित भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित परिवारहरूका लागि ललितपुरका तीन वटा स्थानीय तहले एक करोड ८० लाख रूपैयाँ राहत सहयोग गर्ने घोषणा गरेका छन् । ललितपुर महानगरपालिका, गोदावरी र महालक्ष्मी नगरपालिकाले बिहीबार कार्यपालिका बैठक बसेर नगद राहत सहयोग उपलब्ध गराउने घोषणा गरेका हुन् ।

ललितपुर महानगरपालिकाका प्रवक्ता राजु महर्जनले दिएको जानकारीअनुसार प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि महानगरका तर्फबाट एक करोड रूपैयाँ रकम प्रधानमन्त्री राहत कोषमा सहयोगस्वरूप जम्मा गर्ने निर्णय गरिएको छ । साथै, यस घटनाबाट प्रभावित क्षेत्रमा आवश्यकताअनुसार अन्य प्राविधिक तथा मानवीय सहयोग उपलब्ध गराउन महानगरा तत्पर रहेको उनले जानकारी दिए ।

त्यस्तै, गोदावरी नगरपालिकाको बिहीबार बसेको कार्यपालिका बैठकले बाढी पीडितका लागि ५० लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउने घोषणा गरेको हो । प्रमुख गजेन्द्र महर्जनको अध्यक्षताका बिहीबार बसेको कार्यपालिका बैठकले विपद्को यो कठिन घडीमा मानवीय सहायतास्वरूप उक्त रकम राहत तथा उद्धार कोषमा ५० लाख रूपैयाँ हस्तान्तरण गर्ने निर्णय गरेको हो ।

यसैगरी, महालक्ष्मी नगरप्रमुख हरिगोविन्द श्रेष्ठको अध्यक्षतमा बिहीबार बसेको कार्यपालिका बैठकले विपद्पीडितको उद्धार र सहायताका लागि जनप्रतिनिधिहरूको एक महिनाको भत्ता तथा नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीको सात दिनको तलब कटौती गरी बाँकी नपुग रकम नगरपालिकाको कोषबाट व्यहोर्ने गरी उक्त रकम सहयोग गर्ने निर्णय गरेको हो । नगरप्रमुख श्रेष्ठले छिमेकी जिल्लाहरूमा परेको ठूलो प्राकृतिक विपद्मा मानवीय सहयोग पुऱ्याउनु नगरपालिकाको दायित्व भएको बताए ।

'रसुवागढी र आसपासका क्षेत्रमा बाढीले पुऱ्याएको अभूतपूर्व क्षतिले हामी सबैलाई स्तब्ध बनाएको छ, यस कठिन घडीमा पीडित परिवारको मलमपट्टिका लागि महालक्ष्मी नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरू हातेमालो गर्दै ऐक्यबद्धता जनाउन उभिएका हौं,' नगरप्रमुख श्रेष्ठले भने ।

चीनतर्फ हिमचट्टान पहिरोका कारण लेन्दे खोला र भोटेकोशीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङ, गोर्खा, चितवनलगायत क्षेत्रमा ठूलो जनधनको क्षति पुऱ्याएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । *रासस*


## युएइमा रोजगार

कम्पनी : ALSUNDUS EMPLOYMENT SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८३/०५/१० | LT. No. 347134 | चलानी नं. ६०२६०३३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 50 | 0 | 1000 | ४१,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Steel Fixer | 50 | 0 | 1500 | ६२,३५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १९ गते (4th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552,
Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624
श्रम ईजाजत नं. ७९४/०६५/०६६

## युएइमा रोजगार

कम्पनी : KUNUZ HOUSE GENERAL CLEANING

पूर्व स्वीकृति मिति : २०८३/०५/११ | LT. No. 347182 | चलानी नं. ६०२६०३९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Female) | 0 | 3 | 1000 | ४१५६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भाद्र १९ गते (4th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | सेवा शुल्क | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | नि:शुल्क | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३६६/००७४/०७५
Pigeon HR Solutions Pvt. Ltd
Kathmandu-26, Nepal, Tel: +977-01-4965022, E-mail: info@pigeonhr.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# उद्धारमै अलमलिएको सरकार

**रसुवाको भोटेकोशीमा आएको भीषण बाढीले सिर्जित वितण्डा र त्यसपछिको भयावह परिस्थितिप्रति राज्य संयन्त्र जुन रूपमा प्रस्तुत हुनुपर्ने हो, त्यसमा चरम ढिलासुस्ती देखिएको छ। सरकारले प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय नगरेको स्पष्ट देखिएको छ। बाढीले ४० किलोमिटरभन्दा बढी सडक ध्वस्त भएको छ।**

**४१ वटा पक्की पुल बगदा सर्वसाधारण आफ्नो घर फर्कन पाएका छैनन्। ३८९ जनाको शव बिहीबार साँझसम्म भेटिएको छ। सयौँ नागरिक अझै अज्ञात रहनुले यो विपद् कति भयावह छ भन्ने प्रष्टै छ। जलविद्युत आयोजनामा कार्यरत प्राविधिक, स्थानीय बासिन्दा र ६४४ भन्दा बढी स्वदेशी तथा विदेशी पर्यटकहरू सम्पर्कविहीन बनिरहँदा पीडित परिवारको चित्कारले विश्वलाई स्तब्ध बनाएको छ। तर, यस्तो संकटको घडीमा पनि सरकार उद्धार र राहतका स्पष्ट नीति तथा प्रभावकारी कदम चाल्न नसकेर अलमलिएको छ।**

**सडक सम्पर्क, विद्युत र टेलिफोन टावर अवरुद्ध हुँदा बेत्रावतीभन्दा माथिल्लो तटीय क्षेत्र पूर्ण रूपमा आइसोलेटेड भएको छ। स्थलमार्गबाट सुरक्षाकर्मी नपुग्दा र हवाई उद्धारमा मात्रै सीमित रहनुपर्दा सयौँ मानिस अझै उद्धारको पर्खाइमा मृत्युसँग जुधिरहेका छन्। विपद्मा नागरिकमा आशाको सञ्चार प्रवाह गर्ने काम राज्यको प्राथमिक दायित्व हो, जसमा सरकार नराम्ररी चुकेको छ।**

**सरकारसँग सीमित हेलिकोप्टर छ। मौसमको कारण हेलि उडाइरहन पनि सम्भव छैन। त्यसैले सञ्चार र विद्युतमा पहिलो जोड सरकारले दिनुपर्छ। योसँगै सरकारले सडक सञ्जालको पुनःस्थापना गर्नुपर्छ। यसका लागि स्थलमार्गबाट प्रहरी खटाएर उद्धारमा पनि खट्नुपर्छ। चीनले बाढी अझै आउन सक्ने चेतावनी दिएको भन्दै सरकारले बाढीग्रस्ट तटीय क्षेत्रमा स्थलगत उद्धार रोकेको छ। सूचना सञ्जाल बनाएर पूर्वतयारीका साथ स्थलमार्गबाट उद्धार थाल्नु अहिलेको आवश्यकता हो।**

**उद्धार गरिएका र प्रभावित क्षेत्रमा अड्किएका नागरिकका लागि खाद्यान्न, शुद्ध खानेपानी र आपत्कालीन चिकित्सा सेवासहितको टोली तत्काल तयारी अवस्थामा राख्नु सरकारको अर्को जिम्मेवारी हो। उद्धार कार्यमा दोहोरोपन र अलमल हटाउन स्थानीय तह, प्रदेश र केन्द्रीय विपद् व्यवस्थापन प्राधिकरणबीच प्रत्यक्ष समन्वय गरी सशस्त्र प्रहरी र सेनालाई तल्लो तहसम्म अधिकारसहित उतार्ने नीति बनाउनु अहिलेको आवश्यकता हो।**

**प्राकृतिक विपद्लाई रोक्न नसकिए पनि त्यसपछिको व्यवस्थापन र नागरिकको जीवन रक्षा राज्यको तत्परतामा भर पर्छ। सरकारले कागजी निर्देशन र आश्वासनमा मात्र सीमित नभई मैदानमा आफ्नो उपस्थिति बलियो बनाउनै पर्छ। अलमल छोडेर सरकारले सम्पूर्ण शक्ति उद्धार र राहतमा उतार्नु अहिलेको आवश्यकता हो।**

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ। संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ।

#### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ। यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ। तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन।

# उपभोक्ता अदालतको औचित्य, अभ्यास र आगामी दिशा



❑ बसन्त गौतम

> “वर्तमान अवस्थामा उपभोक्ता अदालतको कानुनी क्षेत्राधिकार काठमाडौं उपत्यकाका तीन जिल्लामामात्र सीमित रहेको छ। तर नेपालको संघीय ढाँचाअनुसार देशका सातै प्रदेशमा बसोबास गर्ने सम्पूर्ण नागरिकहरु उपभोक्ता हुन् र उनीहरु पनि उत्तिकै ठगी, मिसावट र व्यापारिक शोषणको जोखिममा रहेका छन्। त्यसैले उपभोक्ता न्यायको पहुँचलाई देशव्यापी बनाउन काठमाडौंमा सीमित अदालतलाई अविलम्ब सातै प्रदेशमा विस्तार गर्नु अनिवार्य भइसकेको छ।

हामी सबै नागरिक कुनै न कुनै रूपमा उपभोक्ता हौं। खाना, औषधि, कपडा, मोबाइल, सवारीसाधन, बैंक तथा बिमा सेवा, स्वास्थ्य उपचार, शिक्षा, इन्टरनेट, हवाई सेवा वा दैनिक उपभोगका अन्य वस्तु तथा सेवा प्रयोग गर्दा हामी उपभोक्ता बन्छौं। तर, वस्तु वा सेवा खरिद गर्दा ठगिएमा, गुणस्तरहीन वस्तु पाएमा वा सेवाका कारण क्षति भएमा न्याय खोज्ने प्रक्रिया भने अझै धेरै उपभोक्ताका लागि जटिल र महँगो छ। यही समस्यालाई सम्बोधन गर्न नेपालमा उपभोक्ता अदालतको व्यवस्था गरिएको हो।

नेपालको न्यायिक इतिहास र नागरिक अधिकारको विकास क्रममा २०८१ माघ २८ गते प्रकाशित राजपत्रको सूचना र २०८१ फागुन २ गते (विश्व उपभोक्ता अधिकार दिवस) का अवसरमा तत्कालीन प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतद्वारा औपचारिक उद्घाटन भई सञ्चालनमा आएको उपभोक्ता अदालत एक ऐतिहासिक र युगान्तकारी कोशेढुंगा हो। लामो समयदेखि वस्तु तथा सेवाको गुणस्तरहीनता, बजारको मनपरी, सिण्डिकेट, कालोबजारी, अनुचित व्यापारिक क्रियाकलाप र उपभोक्तामाथि हुने ठगीकाविरुद्ध प्रभावकारी कानुनी उपचार पाउनका लागि आमनागरिकले व्यहोर्नुपरेको जटिलतालाई यस अदालतको स्थापनाले अन्ततः सम्बोधन गरेको छ। बजार र प्रविधिको विकास र विस्तारसँगै उपभोक्तासँग सम्बन्धित समस्या तथा विवादहरू तीव्ररूपमा बढ्दै गएको अवस्थामा यस्तो विशिष्टीकृत अदालतको आवश्यकता महसुस गरिएको हो।

संवैधानिक दृष्टिकोणबाट हेर्दा नेपालको संविधानको धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने मौलिक हकको स्पष्ट प्रत्याभूति गरेको छ। यसका साथै गुणस्तरहीन वस्तु वा सेवाबाट कुनै पनि व्यक्तिलाई क्षति पुगेको खण्डमा कानुनबमोजिम उपयुक्त क्षतिपूर्ति पाउने हकलाई समेत मौलिक अधिकारकै रूपमा सुनिश्चित गरिएको छ। सोही संवैधानिक मर्मलाई व्यावहारिक रूप दिन उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट अधिवक्ता कुमारी खरेलले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतलाई विपक्षी बनाई रिट निवेदन दर्ता गरेकी थिइन्। उक्त रिटमा सर्वोच्च अदालतले २०७८ साल चैत ८ गते उपभोक्ता अदालत गठन गर्नका लागि ऐतिहासिक आदेश जारी गऱ्यो। सोही न्यायिक आदेशको कार्यान्वयन गर्दै नेपाल सरकार मन्त्रिपरिषद्को २०८१ माघ २१ गतेको निर्णयअनुसार काठमाडौं उपत्यकाका तीन जिल्ला (काठमाडौं, ललितपुर र भक्तपुर) को क्षेत्राधिकार रहनेगरी काठमाडौंमा उपभोक्ता अदालतको औपचारिक स्थापना भई सञ्चालनमा आएको हो।

नेपालको संविधानको धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र गुणस्तरीय वस्तु वा सेवाबाट क्षति पुगेमा कानुनबमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ। यसलाई कार्यान्वयन गर्न उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भयो। ऐनले उपभोक्ताको अधिकार संरक्षणसँगै उपभोक्ता विवादको न्यायिक निरूपणका लागि विशेष अदालतको व्यवस्था गरेको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ ले सरकारले आवश्यकता अनुसार उपभोक्ता अदालत गठन गर्नसक्ने व्यवस्था गरेको छ। अदालतमा जिल्ला न्यायाधीश अध्यक्ष रहने र नेपाल न्याय सेवा तथा नेपाल सरकारका सम्बन्धित अधिकारी सदस्य रहने व्यवस्था छ। अदालतको मुकाम र क्षेत्राधिकार सरकारले तोक्ने कानुनी व्यवस्था गरिएको छ तर कानुन बनेपछि पनि लामो समयसम्म उपभोक्ता अदालत गठन भएन। अदालत गठन नभएसम्म उपभोक्ता अदालतले हेर्ने मुद्दा सम्बन्धित जिल्ला अदालतबाट हेर्ने व्यवस्था ऐनको दफा ४८ मा गरिएको थियो।



## उपभोक्ता हित संरक्षणका बहुआयामिक पक्षहरू

आधुनिक बजार व्यवस्था, सूचना प्रविधि र ई-कमर्सको तीव्र विकाससँगै उपभोक्ताका समस्या र विवादहरू अत्यन्त बहुआयामिक र जटिल बन्दै गएका छन्। परम्परागत भौतिक बजार प्रणाली डिजिटल र भर्चुअल प्लेटफर्ममा रूपान्तरण भइरहँदा उपभोक्तामाथि हुने ठगी, भ्रमपूर्ण विज्ञापन र गैरकानुनी शुल्क असुलीका स्वरूपहरू पनि फेरिएका छन्। यस परिवेशमा उपभोक्ता हित संरक्षण केबल बजारमा गरिने आकस्मिक अनुगमन वा पसल 'सिल' गर्ने प्रशासनिक कारबाहीमामात्र सीमित रहन सक्दैन। वस्तुतः उपभोक्ता हित संरक्षण, सुशासन कायम गर्ने प्रक्रिया र स्वच्छ बजार प्रणाली निर्माण गर्ने अभियान एकअर्कासँग अन्तरसम्बन्धित र परिपूरक रहेका छन्।

यस सन्दर्भमा उपभोक्ता हित संरक्षण मञ्च नेपालले सुशासन, उपभोक्ता हित संरक्षण र स्वच्छ बजारलाई आफ्ना प्रमुख तीन कार्यक्षेत्रका रूपमा अघि बढाउँदै आएको छ। स्थानीय, प्रादेशिक र संघीय तीनवटै तहमा स्वच्छ बजार व्यवस्थापन कायम गर्नका लागि उपभोक्तासँग सम्बन्धित नीति तथा कानुनमा सहजीकरण गर्ने कार्य मञ्चले गर्दै आएको छ। यसका साथै आमनागरिकको हितसँग जोडिएका विषयमा उपभोक्ता सरोकारको मुद्दा वा सार्वजनिक हितको मुद्दामार्फत न्यायिक निकायमा बहस पैरवी गर्ने काम भइरहेको छ। अर्कोतर्फ, उपभोक्ता अधिकारलाई आधारभूत मानवअधिकारकै अंगका रूपमा स्थापित गर्दै व्यवसाय र मानवअधिकारको अवधारणालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ।

त्यस्तै, उपभोक्ता हित संरक्षणको अर्को महत्त्वपूर्ण आयाम जनस्वास्थ्य र नसर्ने रोगहरूको रोकथामसँग जोडिएको छ। बजारमा उपलब्ध हुने खाद्यवस्तु र पेय पदार्थको गुणस्तरले नागरिकको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने भएकाले सुर्तीजन्य र मदिराजन्य पदार्थको उपभोग नियन्त्रण एवं नियमनमा विशेष ध्यान दिनुपर्ने आवश्यकता छ। प्याकेट बन्द खाद्यवस्तुहरूमा अग्रभागको लेबलिङ अनिवार्य गर्ने, अत्यधिक नुन र चिनी भएका हानिकारक खानेकुराको बिक्रीमा नियन्त्रण गर्ने तथा स्वच्छ खानपान र शारीरिक व्यायामसम्बन्धी चेतना फैलाउने कार्यहरू पनि उपभोक्ता हित संरक्षणकै अभिन्न अंगका रूपमा रहेका छन्।

## उपभोक्ता अदालतको क्षेत्राधिकार, प्रक्रिया र प्रारम्भिक अभ्यास

उपभोक्ता अदालतको कानुनी अधिकारक्षेत्र र क्षेत्राधिकारको दायरालाई उपभोक्ता संरक्षण ऐन, २०७५ ले स्पष्टरूपमा परिभाषित गरेको छ। उक्त ऐनको दफा ५८ अनुसार नेपाल सरकार वादी हुने फौजदारी प्रकृतिका कसुरहरूसम्बन्धी मुद्दाहरू उपभोक्ता अदालतमा चल्ने व्यवस्था गरिएको छ। त्यसैगरी ऐनको दफा ५० बमोजिम व्यवसायी वा सेवा प्रदायकको अनुचित कार्यबाट क्षति पुगेको अवस्थामा क्षतिपूर्तिको दाबी गर्न सकिने देवानी प्रकृतिका मुद्दाहरू पनि यसै अदालतको अधिकारक्षेत्रभित्र पर्दछन्।

अदालतसमक्ष शारीरिक, मानसिक, आर्थिक, भौतिक वा अन्य कुनै पनि किसिमको क्षति व्यहोर्नुपरेमा क्षतिपूर्तिको दाबी लिएर पुग्न सकिने व्यवस्था छ। यस्तो क्षतिपूर्तिको दाबी मर्का पर्ने उपभोक्ता स्वयंले दर्ता गराउन सक्दछन्। यदि उपभोक्ता स्वयं अदालत जान असमर्थ भएमा वा निजको मृत्यु भएको अवस्थामा निजको हकवाला वा निजको तर्फबाट दर्तावाल उपभोक्ता संघसंस्थाले समेत मुद्दा दायर गर्न सक्ने लचिलो कानुनी व्यवस्था गरिएको छ। यस व्यवस्थाले कानुनी प्रक्रियामा आमनागरिकको पहुँचलाई सुगम बनाएको छ।

उपभोक्ता अदालत सञ्चालनमा आएको छोटो अवधिभित्रै केही अत्यन्त महत्त्वपूर्ण र नजीरयोग्य मुद्दाहरूको सुनुवाइ भई फैसलाहरू समेत भइसकेका छन्। उदाहरणका लागि, अधिवक्ता वसन्त गौतमविरुद्ध ओम हस्पिटल एण्ड रिसर्च सेन्टरसमेत भएको मुद्दामा स्वास्थ्य सेवाजस्तो संवेदनशील क्षेत्रमा भएको लापरवाही र अनुचित व्यापारिक क्रियाकलापकाविरुद्ध क्षतिपूर्तिको सिद्धान्त प्रतिपादन भएको छ। त्यसैगरी सावित्री खत्री थापाविरुद्ध स्वस्तिक शिल्भर प्यालेससमेतको मुद्दामा गुणस्तरहीन वस्तुको बिक्री तथा व्यापारिक ठगीविरुद्ध उपभोक्ताको पक्षमा महत्त्वपूर्ण निर्णय भएको छ। यी सुरुआती न्यायिक फैसलाहरूले आमनागरिकमा आफूमाथि भएको अन्यायविरुद्ध कानुनी उपचार पाइन्छ भन्ने आत्मविश्वास र भरोसा जगाउन सफल भएका छन्।

## दुष्कृति र मास टर्ट/क्लास एक्सनको नयाँ सम्भावना

नेपालको कानुनी अभ्यासमा दुष्कृति ऐनको प्रयोग अहिलेसम्म निकै सीमित र प्रारम्भिक चरणमामात्र रहेको थियो तर उपभोक्ता अदालतको गठनसँगै दुष्कृति कानुनअन्तर्गत 'मास टर्ट' र 'क्लास एक्सन' (समूहगत वा वर्गगत मुद्दा) को नयाँ सम्भावनाको ढोका खुलेको छ। जब कुनै व्यवसायी, उद्योग वा सेवा प्रदायकको कुनै कार्य वा अकर्मण्यता/लापरवाहीका कारण ठूलो संख्याका उपभोक्ता वा सिंगो समाज नै प्रभावित हुन्छ, तब प्रत्येक पीडितले छुट्टाछुट्टै मुद्दा हाल्नुको सट्टा सामूहिकरूपमा वर्गगत मुद्दा चलाउन सक्ने कानुनी वातावरण बनेको छ।

अन्तर्राष्ट्रिय न्यायिक अभ्यासमा यस्ता सामूहिक मुद्दाहरूको ठूलो महत्त्व रहेको छ। फक्सवागन कम्पनीले सवारीसाधनको उत्सर्जन परीक्षणमा गरेको धाँधली, एप्पल कम्पनीले पुराना फोनहरूको ब्याट्री स्लो गराएको काण्ड वा फेसबुकले प्रयोगकर्ताहरूको व्यक्तिगत डेटा गोपनीयता उल्लंघन गरेको विषयमा परेका 'क्लास एक्सन' मुद्दाहरू यसका उत्कृष्ट उदाहरण हुन्। नेपालको बजारमा पनि यस्तै किसिमका सामूहिक ठगी र लापरवाहीका अनेकौं सम्भावित क्षेत्रहरू रहेका छन्।

खासगरी खाद्यवस्तु बिग्रन वा किरा नलागोस् भनी चामल तथा खाद्यान्नमा घातक विषादी मिसाउने कार्य, तोकिएको तौलभन्दा कम अर्थात् आधामात्र ग्यास भरिएका एलपिजी सिलिण्डर बिक्री वितरण गर्ने प्रवृत्ति, गलत वा त्रुटिपूर्ण प्याथोलोजी ल्याब रिपोर्टका आधारमा हुने गलत स्वास्थ्य उपचार तथा विद्युत्, टेलिफोन, इन्टरनेट, बैंकिङ वा सार्वजनिक यातायातजस्ता अत्यावश्यकीय सेवामा उपभोक्ताबाट गैरकानुनीरूपमा उठाइने अतिरिक्त शुल्कहरू मास टर्टका प्रत्यक्ष उदाहरण हुन्। यस्ता प्रकृतिका व्यापक ठगीविरुद्ध सामूहिकरूपमा क्लास एक्सन मुद्दाहरू उल्लेख्यरूपमा दर्ता गर्ने र गराउने दायित्व हामी सबैको हो।

## सातै प्रदेशमा विस्तार र उपभोक्ता अदालतको सफलताका सर्तहरू

वर्तमान अवस्थामा उपभोक्ता अदालतको कानुनी क्षेत्राधिकार काठमाडौं उपत्यकाका तीन जिल्लामामात्र सीमित रहेको छ। तर नेपालको संघीय ढाँचाअनुसार देशका सातै प्रदेशमा बसोबास गर्ने सम्पूर्ण नागरिकहरू उपभोक्ता हुन् र उनीहरू पनि उत्तिकै ठगी, मिसावट र व्यापारिक शोषणको जोखिममा रहेका छन्। त्यसैले उपभोक्ता न्यायको पहुँचलाई देशव्यापी बनाउन काठमाडौंमा सीमित अदालतलाई अविलम्ब सातै प्रदेशमा विस्तार गर्नु अनिवार्य भइसकेको छ।

सातै प्रदेशमा उपभोक्ता अदालतको स्थापना र अदालतको सफलता नै उपभोक्ताको सफलता हो भन्ने मान्यतालाई आत्मसात् गर्दै यसलाई सफल बनाउन केही महत्त्वपूर्ण कानुनी र व्यावहारिक कदमहरू चाल्नुपर्छ। उपभोक्ता संरक्षण ऐन, २०७५ बाहेक वस्तु तथा सेवासँग सम्बन्धित अन्य विशेष ऐनहरू जस्तैः खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, गुणस्तर तथा नापतौल ऐन, औषधि ऐन, र सवारी तथा यातायात व्यवस्था ऐनलगायतका कानुनअन्तर्गतका कसुरहरूको सुरु कारबाही र किनारा गर्ने अधिकार पनि उपभोक्ता अदालतलाई नै तोक्न आवश्यक कानुनी संशोधन र पहल गरिनुपर्छ।

उपभोक्ता संरक्षण ऐनको दफा ५८ अनुसार नेपाल सरकारवादी हुने फौजदारी प्रकृतिका मुद्दाहरू उल्लेख्यरूपमा दर्ता गराउन सरकारी वकिल र अनुगमन निकायहरूले सक्रियता देखाउनुपर्छ। कानुन व्यवसायीहरूका लागि पनि यो एक नयाँ र फराकिलो कार्यक्षेत्र हो। कानुन व्यवसायीहरूले केवल परम्परागत फौजदारी वा देवानी मुद्दामामात्र सीमित नरही उपभोक्ता हित, टर्ट ल र क्लास एक्सनको क्षेत्रमा आफ्नो पेसागत दायरा र दक्षता विस्तार गर्नुपर्छ। उता सञ्चारमाध्यम र नागरिक समाजले पनि बजारका विकृतिहरूको पर्दाफास गर्दै पीडित उपभोक्तालाई कानुनी उपचारको प्रक्रियासम्म पुऱ्याउन र सातै प्रदेशमा उपभोक्ता अदालतको स्थापनालाई सफल बनाउन सहयोग र अभिभावकीय भूमिका निर्वाह गर्नु आवश्यक छ।

समग्रमा भन्नुपर्दा, उपभोक्ता संरक्षण केबल बजारमा गरिने सामान्य निरीक्षण वा प्रशासनिक सजायमामात्र सीमित विषय होइन। यो नागरिकको संवैधानिक मौलिक हक, जनस्वास्थ्य, मानव अधिकार र मुलुकको समग्र सुशासनसँग प्रत्यक्ष जोडिएको गम्भीर मुद्दा हो। सर्वोच्च अदालतको ऐतिहासिक निर्देशनात्मक आदेश, मन्त्रिपरिषद्को निर्णय र उपभोक्ता अदालतको औपचारिक सञ्चालनले नेपालमा उपभोक्ता न्यायको एक नयाँ बिहानीको सुरुआत गरेको छ।

अहिले प्रारम्भिक चरणमा रहेको काठमाडौं उपत्यकाको उपभोक्ता अदालतलाई आवश्यक स्रोत-साधन र जनशक्ति उपलब्ध गराई बलियो बनाउँदै सातै प्रदेशमा यसको संरचना विस्तार गरिनुपर्छ। राज्यका निकाय, अदालत, कानुन व्यवसायी, सञ्चारमाध्यम, नागरिक समाज र उपभोक्ता स्वयं जागरूक र जिम्मेवार बनेमा मात्र स्वच्छ बजार, सुरक्षित उपभोक्ता र सुशासित समाजको राष्ट्रिय संकल्प पूरा हुनसक्छ। *रासस*

*(लेखक अधिवक्ता एवं उपभोक्ता अधिकारको क्षेत्रमा क्रियाशील छन्)*

भोटेकोशी बाढी

# खोटाङका आठ व्यक्ति सम्पर्कविहीन



**खोटाङ (प्रस)–** भोटेकोशी बाढीका कारण खोटाङका आठ व्यक्ति सम्पर्कविहीन भएका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार रोजगारी, व्यापार तथा अन्य कामको सिलसिलामा रसुवा तथा आसपासका जिल्लामा रहेको आठ खोटाङवासी सम्पर्कविहीन भएको जनाएको छ ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-३ बाम्राङ निवासी सेनाका लेसनायक पवन खत्री, खाल्लेका सुर्जबहादुर परियार, एसेलुखर्कका कविन राई, बालकुमार तामाङ, युवराज राई र यसबहादुर राई सम्पर्कविहीन भएका हुन् । त्यसैगरी, सोही गाउँपालिका-७ माक्पाका तारानाथ थापा र रावाबेँसी गाउँपालिका-३ लामीडाँडाका पुष्प भट्टराई सम्पर्कविहीन भएका छन् ।

विभिन्न पेसा/व्यवसायको सिलसिलामा रसुवा र नुवाकोटमा रहेको अवस्थामा भोटेकोशीमा बाढी आएपछि उनीहरू परिवारसँग सम्पर्कविहीन भएको जानकारी आफन्तबाट प्राप्त भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी निराजन बस्नेतले जानकारी दिए ।

# भोटेकोशी बाढीपछि बाराका १५ जना सम्पर्कविहीन

**बारा–** रसुवा जिल्लाको भोटेकोशी नदीमा बुधबार बिहान गएको बाढीपछि बाराका १५ जना सम्पर्कविहीन बनेका छन् । बाढीपछि रसुवाको विभिन्न स्थानमा काम तथा अन्य प्रयोजनका लागि पुगेका व्यक्ति परिवार तथा आफन्तको सम्पर्कमा नआएका बाराका सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईले जानकारी दिए ।

'बाढीका अझ कति सम्पर्कविहीन भएका छन् त्यसको यथार्थ खोजी तथा सूचना संकलन गर्ने काम सुरु गरेका छौं,' उनले भने, 'विभिन्न स्रोतबाट अहिलेसम्म १५ जना सम्पर्कविहीन भएका भन्ने सूचना संकलन गरिएको छ ।' सूचना संकलन कार्यलाई जारी राखिएको जनाउँदै उनले यो संख्या अझ बढ्न सक्ने अनुमान गरिएको बताए ।

हालसम्म प्राप्त विवरणअनुसार मकवानपुर छतिवन गाउँपालिका-४ नयाँ डुमर स्थायी ठेगाना भई बारामा बस्दै आएका मदन स्याङ्दोला लामा, बाराको परवानीपुर गाउँपालिका-५ बहुअरीका नमनारायण सिंह, कलैया उपमहानगरपालिका-२२ धोधाटोलका सत्यप्रकाश राम र आदर्श कोतवाल गाउँपालिका-१ चिउटाहाका अंककत पटेल सम्पर्कविहीन भएका सहायक प्रजिअ भट्टराईले जानकारी दिए ।

सहायक प्रजिअ भट्टराईका अनुसार प्रसौनी गाउँपालिका-३ का जितेन्द्रकुमार दास, कलैया उपमहानगरपालिका-२३ का श्रीनिवास मण्डल, जितपुरसिमरा उपमहानगरपालिका-१६ का रञ्जित श्रेष्ठ, करैयामाई गाउँपालिका-२ का धिरेन्द्र चौधरी, सुवर्ण गाउँपालिका-५ औरैयाका रमेशकुमार साह र सुवर्ण गाउँपालिका-४ हरैयाका रमेशकुमार यादव पनि सम्पर्कविहीन भएका छन् ।

यसैगरी, निजगढ नगरपालिका-९ शान्तिटोलका राजु बिष्ट, निजगढ नगरपालिका-९ का दिनेश परियार, कलैया उपमहानगरपालिका-६ आदर्शटोलका देवेश भट्टराई, सुवर्ण गाउँपालिका-१ का सुरजकुमार साह र निजगढ नगरपालिका-८ का उत्तम न्यौपाने भोटेकोशी बाढीपछि सम्पर्कविहीन भएका सहायक प्रजिअ भट्टराईले जानकारी दिए । सम्पर्कविहीन भएकामध्ये केही रसुवामा, केही भोटेकोशी क्षेत्रमा तथा केही रसुवाका जलविद्युत् आयोजना र अन्य काममा खटिएका थिए । केही व्यक्ति त्रिशूली हाइड्रोपावर तथा रसुवाका विभिन्न आयोजनामा कार्यरत रहेको जानकारी प्राप्त भएको उनले जानकारी दिए ।

भोटेकोशी नदीमा बुधबार गएको आकस्मिक बाढीले रसुवा, नुवाकोट, धादिङलगायत क्षेत्रमा ठूलो जनधनको क्षति पुर्‍याएको जनाइएको छ । बाढीपछि सयौं मानिस सम्पर्कविहीन भएको र खोज तथा उद्धार कार्य जारी रहेको छ । बाराका सम्पर्कविहीन व्यक्तिहरूको खोजी तथा अवस्थाबारे सम्बन्धित निकायमार्फत थप विवरण संकलन गर्ने कार्य भइरहेको बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले जानकारी दिए ।

'हामी गम्भीर भएर बाढीमा हराएका बाराका नागरिकको सूचना संकलन गरिरहेका छौं,' उनले भने, 'सम्पर्कविहीन भएकाहरूको खोजी तथा उद्धार कार्यका लागि हामी संवेदनशील भएर लागेका छौं ।' सम्पर्कविहीन भएकाहरूको संख्या अझ बढ्न सक्ने अनुमान पनि गरिएको उनले बताए । अहिलेसम्म भेटिएका शवहरू बाढीपछि सम्पर्कविहीन बनेका बाराका व्यक्तिको नभएको उनले जानकारी दिए ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा स्थानीय वडाध्यक्षमार्फत सम्पर्कविहीनहरूको विवरण संकलन गर्ने कार्य भइरहेको प्रजिअ मिश्रले जानकारी दिए । परिवारजनले सम्पर्कविहीन व्यक्तिको अवस्था तत्काल सार्वजनिक गरी खोजी तथा उद्धारलाई थप प्रभावकारी बनाउन आग्रह पनि गरेका छन् । *राासस*

# धादिङका ७९ जना सम्पर्कविहीन

**धादिङ–** रसुवाको भोटेकोशी नदीमा गएको बाढीपछि धादिङका ७९ जना अझै सम्पर्कविहीन रहेका छन् । सम्पर्कविहीन हुनेमा सबैभन्दा बढी नीलकण्ठ नगरपालिकाका २३ जना रहेका छन् ।

सहायक प्रमुख जिल्ला अधिकारी अनिल पौडेलका अनुसार सम्पर्कविहीन हुनेमा रुबीभ्याली गाउँपालिकाका १३, धुनीबेँसी नगरपालिकाका १०, बेनीघाट रोराङ गाउँपालिकाका आठ, गल्छी गाउँपालिकाका सात तथा थाक्रे र सिद्धलेक गाउँपालिकाका छ-छ जना रहेका छन् ।

त्यस्तै गजुरी गाउँपालिकाका दुई, नेत्रावती डबजोङ गाउँपालिकाका दुई तथा गंगाजमुना र ज्वालामुखी गाउँपालिकाका एक-एक जना सम्पर्कविहीन रहेको सहायक प्रजिअ पौडेलले जानकारी दिए । बुधबार गएको बाढीले धादिङमा पाँच पक्की पुल र १२ झोलुंगे पुलमा क्षति पुर्‍याएको छ । जिल्लामा हालसम्म २५ शव फेला परेको छ । तीमध्ये २० शव व्यवस्थापनका लागि पोखरा पठाउने तयारी भइरहेको उनले बताए ।

बाढी तथा पहिरोका कारण पृथ्वी राजमार्गसँग सदरमुकाम धादिङबेँसीको सडक सम्पर्क प्रभावित बनेपछि सवारीसाधन सञ्चालनका लागि वैकल्पिक मार्ग मर्मतसम्भारको काम भइरहेको नीलकण्ठ नगरपालिकाका उपप्रमुख दीपक विश्वकर्माले जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेय गौतमका अनुसार राजमार्ग क्षेत्रमा अवरोध हटाउने तथा सडक मर्मतको काम जारी रहे पनि तत्काल पूर्णरूपमा राजमार्ग सञ्चालनमा आउन सकेको छैन । प्रभावित सडक तथा फुर्केखोलामा बेलिब्रिज सञ्चालनका लागि सम्बन्धित निकायबीच समन्वय भइरहेको उनले जानकारी दिइन् । *रासस*

# गुल्मीका सात जना सम्पर्कविहीन

**गुल्मी (प्रस)–** भोटेकोशी नदीमा आएको बाढीका कारण गुल्मीका सात व्यक्ति सम्पर्कविहीन भएका छन् । जिल्ला प्रशासन कार्यालयले आज सार्वजनिक गरेको सूचनाअनुसार रुरुक्षेत्र गाउँपालिका-५ का अनिता पुरी र मालिकागाउँपालिका-७ का दिनेश घिमिरे रसुवा भन्सार कार्यालयमा कार्यरत रहेकै अवस्थामा बाढीमा परी सम्पर्कविहीन भएका हुन् ।

यसैगरी, रुरुक्षेत्र गाउँपालिका-६ का ३९ यमबहादुर दर्लामी, छत्रकोट गाउँपालिका-४ का गणेश ज्ञवाली, सत्यवती गाउँपालिका-८ धनबहादुर गलामी र रुरुक्षेत्र गाउँपालिका-३ का ५० कपिलमणि ज्ञवाली पनि हालसम्म सम्पर्कविहीन हुनुभएको प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले जानकारी दिएका छन् । उनीहरू चारमध्ये तीनजना जलविद्युत् आयोजनामा प्राविधिक र एकजना सुरक्षा गार्डमा कार्यरत रहेका थिए ।

यसैगरी, मानसरोवरको तीर्थयात्राको सिलसिलामा चीनको सीमा क्षेत्र पुग्नुभएका कालीगण्डकी गाउँपालिका-१ हर्मीचौरका ३७ वर्षीय शिव न्यौपाने पनि बाढीपछि हालसम्म सम्पर्कमा आएका छैनन् । बाढीमा परी बेपत्ता भएका नागरिकहरूको खोजी तथा उद्धारका लागि रसुवास्थित स्थानीय प्रशासन, सुरक्षा निकाय र आफन्तहरूसँग निरन्तर समन्वय भइरहेको तथा खोजी कार्यलाई तीव्रता दिइएको गुल्मीका प्रमुख जिल्ला अधिकारी गैह्रेले बताए ।


## साउदीमा रोजगारको अवसर — Free Visa!! Free Ticket!!

कम्पनी : A BRANCH OF THE HEAVY ENGINEERING INDUSTRIES AND SHIPBUILDING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/११ | LT. No. 347183 | चलानी नं. ६०२६०३८२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 30 | 0 | 1460 | ५९४११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भाद्र १९ गते (4th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम इजाजत नं. ८२२/०६६/०६७

## साउदीमा रोजगार

कम्पनी : ALI SULAIMAN BIN AWID AL-MUTAIRI FACTORY COMPANY CEMENT PRODUCTS

पूर्व स्वीकृति मिति : २०८३/०५/१० | LT. No. 347102 | चलानी नं. ६०२६०३१५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 3 | 0 | 1000 | ४०,६९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ भदौ १९ गते (4th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Sulav Recruitment Pvt.Ltd.
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Baburam Dahal 9803123205
Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

## कुवेतमा रोजगार

कम्पनी : LAMOUR BEAUTY SALON COMPANY FOR WOMEN'S BEAUTY

पूर्व स्वीकृति मिति : २०८३/०५/१० | LT. No. 347178 | चलानी नं. ६०२६०३३५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/hair Dresser | 0 | 4 | 150 | ७४,१६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Beautician/ Manicure Pedicure | 0 | 3 | 150 | ७४,१६७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १९ गते (4th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

ASLIYA MANPOWER SUPPLY PVT. LTD.
श्रम इजाजत नं. १६६९/०८०/०८१
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456

## साउदीमा रोजगार

कम्पनी : AL-AJYAD SERVEING MEALS ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०५/११ | LT. No. 347170 | चलानी नं. ६०२६०३९३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN HELPER | 5 | 0 | 1000 | ४०,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भाद्र १९ गते (4th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Al Haya Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com

## जापानमा रोजगार

कम्पनी : COOPERATIVE MIRAI

पूर्व स्वीकृति मिति : २०८२/११/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/११ | LT. No. 338580 | चलानी नं. ६०२५२५८४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 1 | 0 | 167938 | १६०९०५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भाद्र १९ गते (4th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

## मलेसियामा रोजगार

कम्पनी : SINAR GLOBAL HYGIENE SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०५/११ | LT. No. 347046 | चलानी नं. ६०२६०३४७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER / HELPER | 12 | 0 | 1700 | ६४,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भाद्र १९ गते (4th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

SPACE HR SOLUTIONS PVT.LTD
श्रम ईजाजत नं. १५७१/०७९/०८०
Basundhara, Kathmandu; Tel: 01-5925496
E-mail: spacehrsolution07980@gmail.com, Web: www.spacehrsolution.com

## युएइमा रोजगार

कम्पनी : Sinopec Nanjing Engineering & Construction Inc

पूर्व स्वीकृति मिति : २०८३/०५/११ | LT. No. 347223 | चलानी नं. ६०२६०३८७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 200 | 0 | 1000 | ४१,५४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भाद्र १९ गते (4th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

All Skills International Human Resource Pvt.ltd.
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, (Shiva Subedi) +977 986-9422479
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## बहराइनमा रोजगार

कम्पनी : JEEVAN SALOON

पूर्व स्वीकृति मिति : २०८३/०५/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/०१ | LT. No. 346337 | चलानी नं. ६०२६०३६७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BD | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 6 | 150 | ६०७५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भाद्र १९ गते (4th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Chinari Overseas Pvt. Ltd.
Govt. License 1165/073/074
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website: chinarioverseas.com

## जापानमा रोजगार

कम्पनी : SHO JIN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०५/०९ | LT. No. 347006 | चलानी नं. ६०२६०३८०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cabling Tech, Scaffold | 2 | 0 | 184462 | १७६७३६ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : SHOUJIN COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०५/०१ | LT. No. 346584 | चलानी नं. ६०२५९८३४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DIGGING WORKER/LABOUR | 3 | 0 | 200000 | १९१६२३ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

Requirements: N5 NAT or JLPT mandatory. Candidates must be studying N4 or cleared N4

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १००००/-
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भाद्र १९ गते (4th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.
श्रम ईजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-4016209, Cell : +977 970-6979348
E-mail :info@dninepal.com,Website:www.dninepal.com

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

प्रभाव दैनिक

रूपशाला

## निखिल निर्देशित 'आचार्य'को टिजर सार्वजनिक

एक्सन स्टार निखिल उप्रेतीको अभिनय तथा निर्देशन रहेको फिल्म 'आचार्य'को टिजर मंगलबार सार्वजनिक भएको छ । टिजर एक्सनका विषयवस्तुले भरिपूर्ण छ । टिजरमा निखिल निकै शक्तिशाली र आक्रामक देखाइएको छ। टिजरबाट फिल्म उच्च स्तरको स्टन्ट र द्वन्द्व रहेको अनुमान गर्न सकिन्छ । निखिललाई हेलिकप्टरबाट हाम फाल्दै गरेको, प्याराग्लाइडिङ, तीव्र गतिको कार र बाइकलगायतका स्टन्टहरूमा टिजरमा छन् । फिल्ममा निखिलको फरक-फरक लुक्स र अवतार देख्न सकिन्छ । निखिल उप्रेती प्रोडक्सनको ब्यानरमा निर्माण भएको यस फिल्मलाई निखिल फिल्ममा द्वन्द्व निर्देशन शुक्रराज शाहको छ भने निर्माण कृष्ण भट्टराईले गरेका हुन् ।



शुक्रबार, १२ भदौ २०८३ (Friday, 28 August 2026)

# २० वर्षपछि १९७४ एडीको 'रक यात्रा' पुन: सुरु, सेप्टेम्बर २३ बाट अष्ट्रेलिया टुर




■ प्रभाव संवाददाता

**काठमाडौं–** चर्चित नेपाली ब्याण्ड १९७४ एडीले करिब दुई दशकपछि आफ्नो लोकप्रिय कन्सर्ट सिरिज 'रक यात्रा' पुन: सुरु गर्ने भएको छ । ब्याण्डले यसपटक 'रक यात्रा'लाई अन्तर्राष्ट्रिय टुरका रूपमा अघि बढाउँदै अष्ट्रेलियाका विभिन्न सहरमा प्रस्तुति दिने भएको हो ।

टुरको औपचारिक घोषणा बिहीबार ललितपुरस्थित मोक्ष लाउन्जमा आयोजित पत्रकार भेटघाटमार्फत गरिएको हो । आयोजक रोटेपिङ इन्टरटेनमेन्टका अनुसार टुर आगामी सेप्टेम्बर २३ बाट सुरु हुनेछ । अष्ट्रेलियाका विभिन्न आठ प्रमुख सहरमा आयोजना हुने टुर सेप्टेम्बर र अक्टोबर महिनासम्म सञ्चालन हुनेछ ।

टुरअन्तर्गत सिड्नी, मेलबर्न, ब्रिस्बेन, एडिलेड, पर्थ, न्यु क्यासल, अकल्यान्ड र क्यानबेरामा ब्याण्डले प्रस्तुति दिनेछ । आयोजकका निर्देशक राजेश घिमिरेका अनुसार टुरको तयारी लगभग पूरा भइसकेको छ ।

करिब २० वर्षअघि काठमाडौंको त्रिभुवन रंगशालामा आयोजना गरिएको 'रक यात्रा' नेपाली सांगीतिक इतिहासकै चर्चित कन्सर्टमध्ये एक मानिन्छ । उक्त कार्यक्रममा ५० हजारभन्दा बढी दर्शक सहभागी भएको बताइन्छ । टिकट नपाएर धेरै दर्शक फर्किनुपरेको उक्त कन्सर्टको चर्चा अझै पनि नेपाली संगीत क्षेत्रमा हुने गरेको छ ।

यसपटकको टुरमा १९७४ एडीले दुई दशकअघिको चर्चित सेट लिस्टलाई समेत समावेश गर्ने तयारी गरेको छ । पुराना लोकप्रिय गीतसँगै ब्याण्डको सांगीतिक यात्रालाई नयाँ पुस्तामाझ समेत पुऱ्याउने उद्देश्यले टुर आयोजना गर्न लागिएको आयोजकले जनाएको छ ।

बिहीबारको पत्रकार भेटघाटमा ब्याण्डका प्रमुख भोकलिस्टद्वय एड्रियन प्रधान र फिरोज स्याङदेन, बास गितारिस्ट निराकर याक्थुम्बा तथा लिड गितारिस्ट मनोजकुमार केसी उपस्थित थिए ।

प्रमुख भोकलिस्ट एड्रियन प्रधानले लामो समयपछि 'रक यात्रा'का रूपमा टुर गर्न पाउँदा खुसी लागेको बताए । आफूहरूले समय-समयमा विभिन्न टुर गर्दै आए पनि १९७४ एडीको रक यात्रालाई पुन: अगाडि बढाउन पाउँदा विशेष उत्साह रहेको उनको भनाइ थियो । फिरोज स्याङदेनले पनि अष्ट्रेलिया टुरका लागि आफूहरू निकै उत्साहित रहेको बताए ।

यसैबीच, नेपालमा पछिल्लो समय देखिएको दैवीप्रकोपलाई मध्यनजर गर्दै आयोजक रोटेपिङ इन्टरटेनमेन्टले सरकारको प्रकोप राहत कोषमा एक लाख रूपैयाँ सहयोग गर्ने घोषणा गरेको छ । आयोजकका निर्देशक राजेश घिमिरेले पत्रकार भेटघाटकै क्रममा उक्त रकम अनलाइनमार्फत भुक्तानीसमेत गरेका छन् । टुर सम्पन्न भएपछि पनि कम्पनीको तर्फबाट थप सहयोग गर्ने प्रतिबद्धता उनले जनाए ।

१९७४ एडीको यो टुरले नेपाली संगीतलाई अन्तर्राष्ट्रिय बजारमा थप विस्तार गर्नुका साथै विदेशमा रहेका नेपाली दर्शकलाई लामो समयपछि ब्याण्डको लोकप्रिय सांगीतिक यात्रासँग जोड्ने अपेक्षा गरिएको छ । आयोजकका अनुसार अष्ट्रेलियापछि टुरलाई अन्य अन्तर्राष्ट्रिय गन्तव्यमा समेत विस्तार गर्ने योजना रहेको छ ।

## रंगशाला

# मलेसियाविरुद्ध नेपालको लगातार दोस्रो जित




■ प्रभाव संवाददाता

**काठमाडौं–** मलेसियाविरुद्धको दोस्रो एकदिवसीय अभ्यास खेलमा पनि नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोलीले जित निकालेको छ । बिहीबार भएको खेलमा उत्कृष्ट बलिङको मद्दतमा नेपालले मलेसियाविरुद्ध २७ रनको जित निकालेको हो । नेपालले पहिलो खेलमा मलेसियालाई नौ विकेटले हराएको थियो । दोस्रो खेलमा नेपालले दिएको एक सय ७१ रनको लक्ष्य पछ्याएको मलेसियाको पारी ४०.१ ओभरमा एक सय ४१ रनमा समेटियो ।

मलेसियाका लागि अकिल वाहिदले १०८ बलमा ६ चौकासहित सर्वाधिक ५६ रन बनाए । बलिङतर्फ नेपालका लागि ललितनारायण राजवंशीले तीन, रोहितकुमार पौडेल, दीपेन्द्रसिंह ऐरी र कप्तान सन्दीप लामिछानेले दुई/दुई तथा हेमन्त धामीले एक विकेट लिए ।

त्यसअघि सेलानगोर क्लबको मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको नेपालले ४१.४ ओभरमा सबै विकेट गुमाएर एक सय ७० रन बनायो । नेपालका लागि रोहितकुमार पौडेलले अर्धशतकीय पारी खेले । उनले ८६ बलमा तीन चौका र तीन छक्काको मद्दतमा ६१ रन बनाए । यस्तै, गुलशनकुमार झाले ६० बलमा चार चौका र तीन छक्कासहित ४५ रन बनाए । सन्दीप लामिछानेले १३ तथा आसिफ शेख र अर्जुन कुमालले समान १०-१० रन जोडे । बलिङतर्फ मलेसियाका लागि अकील वाहिदले चार ओभरमा ३६ रन खर्चेर चार विकेट लिए ।

नेपाल र मलेसियाले एसिसी प्रिमियर कपको तयारीस्वरूप अभ्यास खेलमा प्रतिस्पर्धा गरेका हुन् । आसन्न संस्करणको प्रिमियर कप यही भदौ १४ गतेदेखि मलेसियामा आयोजना हुँदैछ । प्रतियोगितामा नेपाल समूह 'ए' मा रहेको छ । समूह चरणमा नेपालले बहराइन, मलेसिया, साउदी अरेबिया र हङकङविरुद्ध खेल्नेछ । नेपालले पहिलो खेल यही भदौ १५ गते खेल्ने छ ।

## हैदरावादसँग नेपाल 'ए' पराजित

**काठमाडौं (प्रस)–** अष्ट्रेलियामा जारी टप एन्ड टी-२० सिरिजअन्तर्गत आज भएको खेलमा नेपाल 'ए' हैदराबाद किङ्समेन एकेडेमीसँग ३१ रनले पराजित भएको छ ।

जितका लागि पछ्याएको १९८ रनको लक्ष्य नेपाल 'ए'ले १९.२ ओभरमा सबै विकेट गुमाउँदै १६६ रन मात्र बनाउन सक्यो । नेपालको सुरुआत निराशाजनक रह्यो । मयन यादव एक रन नबनाइकन आउट भए । त्यसपछि पनि नेपालले नियमित विकेट गुमाउँदै गयो । नेपालका लागि कुशल भुर्तेलले सर्वाधिक ६६ रन बनाए । उनले ४६ बल खेल्ने क्रममा ६ चौका र ४ छक्का प्रहार गरे । त्यस्तै लोकेश बमले २३ बलमा ३८ रन बनाए भने राशिद खानले ११, नारायण जोशीले १२ तथा बिपिन खत्रीले १० रन बनाए ।

बलिङतर्फ हैदराबादका लागि स्कट कुगेलेइन र उसामा मिरले तीन तीन विकेट लिए भने अलि शेखले दुई विकेट हात पारे । त्यसअघि डर्विनस्थित गार्डेन्स ओभलमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको हैदराबाद किङ्समेन एकेडेमीले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १९७ रन बनायो ।

हैदराबादका लागि शेहान जयसूर्याले ४४ बलमा चार चौका र पाँच छक्कासहित ६७ रनको योगदान दिए । यस्तै हम्माद आजमले ११ बलमा दुई चौका र दुई छक्कासहित अविजित २६ रन बनाए । मिलिन्द कुमारले २५, शायान जहाँगीरले २७, तय्याब आरिफले २३ तथा अली शेखले २२ रनको योगदान दिए । बलिङतर्फ नेपालका नारायण जोशीले दुई तथा राशिद खान, पवन सर्राफ र कुशल भुर्तेलले एक एक विकेट लिए । यससँगै पाँच खेल खेलको नेपालले दुई खेलमा जित तथा तीन खेलमा हार बेहोरेको छ ।

बुधबार भएको खेलमा नेपाल 'ए'ले अस्ट्रेलियन क्यापिटल टेरिटोरी (एसिटी)लाई ४ विकेटले पराजित गरेको थियो भने सोमबार भएको खेलमा नेपाल 'ए'ले होबार्ट हरिकेन्स एकेडेमीलाई ३९ रनले पराजित गरेको थियो । त्यसअघि नेपाल 'ए' पहिलो खेलमा एनटी स्ट्राइकससँग ८ विकेट तथा बङ्गलादेशको 'ए' टोलीसँग ९ विकेटले पराजित भएको थियो ।


युएइमा रोजगार — कम्पनी : WORKERS VILLAGE REAL ESTATE L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०४/१३ | LT. No. 345558 | चलानी नं. ६०२५९३५७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry | 100 | 0 | 1000 | ४१५६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भाद्र १९ गते (4th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL GATE WAY OVERSEAS PVT.LTD. Govt. License 759/064/065
Kalanki 14, Kathmandu, Nepal, Tel.- +977- 01-5219205, 5219584, Fax: 4361050

युएइमा रोजगार — ZERO FEE RECRUITMENT & DIRECT APPLY

कम्पनी : PILLAR RECRUITMENT SERVICES-L.L.C-S.P.C

पूर्व स्वीकृति मिति : २०८३/०३/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/११ | LT. No. 344217 | चलानी नं.६०२५७४८०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 75 | 0 | 1200 | ४९,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Mason | 30 | 0 | 1500 | ६२,३५० | | | | | | | |
| 3. | Carpenter Shuttering | 30 | 0 | 1500 | ६२,३५० | | | | | | | |
| 4. | Steel | 30 | 0 | 1500 | ६२,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भाद्र १५ र १९ गते (31st Aug. & 4 Sep 2026) मा हुनेछ ।
जनकपुर, Ramjanaki Training Center मा मिति: २०८३ भाद्र १६ गते (1st Sep. 2026) मा हुनेछ ।
सिरहा, Salhesh Training Cente मा मिति: २०८३ भाद्र १७ गते (2nd Sep. 2026) मा हुनेछ ।
सुनसरी, इटहरी, Sunsari Training Center मा मिति: २०८३ भाद्र १८ गते (3rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

